जनमुखी पत्रकारिताको अभ्यास


लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक


वर्ष:- १५ अंक:- ४९ २०८२ साल भाद्र २७ शुक्रवार (September 11, 2025) पृष्ठ संख्या:- ४ मुल्य रु : ५।-

# संविधानकै परिधिभित्र रहेर समाधान खोज्नुपर्नेमा नेताहरूको जोड

**बिगूल समाचार**
**२७ भाद्र २०८२**











काठमाडौँ । नेपालका प्रमुख राजनीतिक दल तथा नेताहरूले वर्तमान राजनीतिक समस्याको निकास संविधानको परिधिभित्रैबाट खोज्नुपर्नेमा जोड दिएका छन् । मंगलबारको जेनजी पुस्ताको आन्दोलनबाट सिर्जित नयाँ परिस्थितिपछि प्रधानमन्त्री केपी शर्मा ओलीले पदबाट राजीनामा दिएको अवस्था छ ।

अन्तरिम सरकार गठनका लागि नेपाली सेनाले आन्दोलनरत पक्षहरूसँग छलफल गरिरहेको छ । पार्टीको वक्तव्यमार्फत् र व्यक्तिगत रूपमा धारणा राख्दै कांग्रेस, एमाले, माओवादी केन्द्र, रास्वपा, एकीकृत समाजवादीलगायत पार्टीहरूले संविधानभित्रैबाट सरकार गठनको बाँकी प्रक्रिया अगाडि बढाउनुपर्ने र संविधानलाई जोगाउनुपर्ने धारणा राखेका हुन् ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले आगामी निकासका लागि संविधानको निरन्तरतालाई ख्याल गर्नुपर्ने बताएका छन् । उनले जेजसरी गरे पनि संविधानमा टेकेरै गर्नुपर्ने उनको भनाइ छ । उनले वर्तमान संविधानलाई कायम राखेर बरु पुनर्संरचना गरेर जानुपर्ने बताए । 'कहीँ न कहीँबाट यस संविधानलाई कायम राखेर, यसभित्र पुनर्संरचना गरौँ । तपाईंहरूले (जेनजी) भने अनुसार गर्ने, तपाईंहरूले चलाउने, हामीहरू ब्याक बेन्चमा बस्नुपरे ब्याक बेन्चमा बस्ने,' उनले भने, 'हामी पार्टी सुधार गर्न लाग्छौँ । पार्टीको पुनर्संरचना गर्छौं ।

पार्टीको नेतृत्व परिवर्तन गर्छौं । सबै कुरा बदल्छौँ ।' संविधानभन्दा बाहिर गएर समाधान खोजे एकछिनका लागि राम्रो देखिए पनि भोलि सम्हाल्न नसक्ने स्थिति रहने उनको भनाइ छ । उनले मंगलबार राज्यका सबै निकायमा आगलागी भएको विषयमा छानबिन हुनुपर्ने र दोषीलाई कारबाही गर्नुपर्ने बताए ।

एमाले केन्द्रीय सचिवालयले वक्तव्य जारी गर्दै संक्रमणकालको निकास संविधानसम्मत् रूपमै खोज्नुपर्नेमा जोड दिएको छ । 'आगामी राजनीतिक निकास संविधानसम्मत् रूपमा र लोकतान्त्रिक विधिबाटै खोजिनुपर्छ भन्नेमा पार्टी स्पष्ट छ,' एमालेले भनेको छ, 'सुशासन, नातावादको अन्त्य, तीव्र विकास र रोजगारी सिर्जना जस्ता युवा पुस्ताका सरोकारहरूलाई सम्बोधन गरिनुपर्छ ।' एमालेले संविधानको मर्मअनुरुप सार्थक संवाद सुरु गर्न र नेतृत्वदायी पहलकदमी लिन राष्ट्रपतिलाई ध्यानाकर्षण गराएको छ ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले विज्ञप्ति जारी गर्दै लोकतन्त्रको विकल्प समुन्नत लोकतन्त्र र गणतन्त्रको विकल्प सुदृढ गणतन्त्र मात्रै भएको भन्दै जेनजी पुस्ताको माग लोकतान्त्रिक व्यवस्था र संविधानविरुद्ध नभएको बताए । उनले संसद् विघटनको पक्षमा पनि सो आन्दोलन नरहेको बताएका छन् । जेनजीले उठाएको माग संविधान र वर्तमान संसदीय प्रक्रियाभित्रबाट पूरा हुन सक्ने विश्वास पनि उनले व्यक्त गरे ।

नेकपा (एकीकृत समाजवादी) ले संविधानमा स्थापित जनअधिकार, स्वतन्त्रता र लोकतान्त्रिक मूल्यलाई संरक्षण गर्ने जिम्मेवारी सबै राजनीतिक दल र राज्य संयन्त्रको भएको बताउँदै दमनकारी गतिविधि तत्काल रोक्नुपर्नेमा जोड दिएको छ । 'लोकतन्त्रलाई मिच्ने, नागरिकको स्वतन्त्रतालाई अपमान गर्ने र असहमतिको आवाजलाई दबाउने कुनै पनि कदमविरुद्ध पार्टी निरन्तर संघर्षरत रहनेछ,' वक्तव्यमा भनिएको छ । एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले वक्तव्य जारी गर्दै मुलुकलाई संविधानविहीन अवस्थातर्फ धकेल्ने र देशलाई अँध्यारो सुरुङतिर लाने दुष्प्रयास भएको भन्दै त्यसबाट देशलाई बचाउनुपर्ने बताएका छन् । 'विद्यमान संविधानलाई नै अघि बढ्ने आधार बनाऔँ ।

यही संविधानलाई आधार बनाएर सर्वपक्षीय र सर्वदलीय सहमति निर्माण गरौँ । त्यही वार्तामा हाम्रो साझा नीति र कार्यक्रम निर्धारण गरौँ,' उनले भनेका छन् । उनले सर्वदलीय र सर्वपक्षीय सरकार गठन गरी देश, जनता र राष्ट्रलाई पुनर्गठन, पुनर्स्थापना र रूपान्तरण गर्दै समृद्धि र समाजवादको दिशामा अगाडि बढ्नुपर्ने धारणा राखेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सोविता गौतमले आफू व्यवस्था बचाउन अडिग रहेको अभिव्यक्ति दिएकी छिन् । उनले संसद् विघटन गरिए जनताको सर्वोच्चता कायम नहुने भन्दै वर्तमान संसद्लाई जीवित राख्नुपर्ने धारणा राखेकी छिन् । यता, सांसद तोसिमा कार्कीले भने संसद् तुरुन्तै विघटन हुनुपर्ने धारणा राख्दै आएकी छिन् । यस विषयमा रास्वपाभित्रै २ धार देखिएको छ । नेताहरूले आो- आफ्ना छुट्ट छुट्टै विचारहरू प्रस्तुत गरिरहेका छन् ।

**सुचना ! सुचना ! सुचना !**

**व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र**

**परशुराम नगरपालिका**
**वडा नं. १० को कार्यालय**

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**अजयमेरू गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भद्रपुर, डडेल्धुरा**

## भागेश्वर गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**भागेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बगरकोट, डडेल्धुरा**

## सम्पादकीय

### संविधानभन्दा माथि राष्ट्रको हित प्राथमिकता हो

देश यतिबेला गम्भीर राजनीतिक सङ्कट र अन्योलको घेराभित्र छ । शान्ति-सुरक्षाको अवस्था भने क्रमश: सामान्यतर्फ फर्कँदै गएको देखिन्छ। यसमा नेपाली सेनाले निर्वाह गरेको सकारात्मक भूमिकालाई अस्वीकार गर्न सकिँदैन। तर, त्यसभन्दा पनि गहिरो कारण भनेको आफ्नो माग सम्बोधन हुँदै जाने आशामा टिकेका जेन-जी पुस्ताका युवाहरूको धैर्यता हो। यही धैर्यतालाई अझै लामो समयसम्म लम्ब्याएर तोड्ने स्थिति सिर्जना हुनु मुलुकका लागि घातक सावित हुनसक्छ । त्यसैले यो घडीमा राष्ट्रपति रामचन्द्र पौडेलले तत्काल कदम चालेर अधिकारसम्पन्न नागरिक सरकार गठन गर्नुपर्ने कार्यभार निर्वाह नगरेसम्म अन्योलको चक्र अझै घुमिरहनेछ ।

जेन-जी पुस्ताले आपसी सहमतिका साथ पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम प्रधानमन्त्रीको रूपमा अगाडि सारेको समाचार स्वयंमा सुखद छ। कार्की आफैंले पनि यो जिम्मेवारी लिन तयार रहेको सार्वजनिक प्रतिक्रिया दिइसकेकी छन् । यस्तोमा राष्ट्रपति पौडेलले संविधानको धारामा अल्झिनु वा राजनीतिक दलहरूको मुख ताकिरहनु अर्थहीन हुन्छ । किनभने कार्की जस्तो व्यक्ति आफैं कानूनी विज्ञ हुन् र संविधानभित्रकै उपाय निकाल्न सक्षम छिन् । यसलाई राज्यको वर्तमान संस्थापन पक्षले अवसरका रूपमा लिनु जरुरी छ। जेन-जी पुस्ताको धैर्यता र आकाङ्क्षा सम्बोधन गर्ने मौका यही हो, ढिलाइ गर्नु भनेको आन्दोलनलाई थप उग्र बनाउने निम्तो दिनु सरह हो ।

अर्कोतर्फ, वर्तमान संसद्प्रति युवापुस्तामा विश्वास छैन । बरु, यो संसद्ले माग सम्बोधनमा अवरोध मात्र खडा गर्ने ठहर उनीहरूको छ । नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीको ह्विपबाहेक अन्य निर्णय गर्ने क्षमता संसद्को छैन भन्ने तथ्य ध्रुवसत्य हो । त्यसैले संसद् विघटनलाई निकासको प्रारम्भिक बिन्दु मान्ने युवाहरूको मागलाई सम्बोधन गर्न राष्ट्रपति हिच्किचाउनुपर्ने अवस्था छैन ।

संसद् विघटन भएपछि अर्को निर्वाचन हुन नसक्ने वा लोकतन्त्र संकटमा पर्न सक्ने आशंका कतिपयले गरेका छन् । तर, संविधानभित्रै सभामुख-उपसभामुख कायम र हने व्यवस्था छ र विघटित संसद् पुन:स्थापित भएको नजीर पनि छ। यस्तोमा राष्ट्रपति पौडेलले संसद् भंग गर्दै ६ महिना देखि १ वर्षभित्रै चुनाव सुनिश्चित गर्ने निर्णय लिन सक्ने अवस्था छ। यही बाटो मुलुकलाई निकास दिने आधार बन्नसक्छ ।

यसैबीच राष्ट्रपति र नेपाली सेनाबीच सम्बन्ध बिग्रिएको भन्ने हल्ला सामाजिक सञ्जालमा तीव्र गतिले फैलिएको छ। यस्तो संवेदनशील परिस्थितिमा राष्ट्रपति कार्यालय र सैनिक मुख्यालय दुवै पक्षले चाँडै र स्पष्ट रूपमा खण्डन गर्नु अपरिहार्य छ। राष्ट्रपतिको पद गुम्दा वैकल्पिक व्यवस्था सम्भव छ, तर सेनाको साख गुम्दा मुलुकलाई अपूरणीय क्षति बेहोर्नु पर्ने हुन्छ। इतिहासले यसै कुराको पुष्टि गरेको छ। त्यसैले यस अवस्थामा पद र व्यक्तिगत महत्व भन्दा राष्ट्र र लोकतन्त्रको रक्षा सर्वोपरि हुनुपर्छ भन्ने बुझाइ नेतृत्व तहमा अनिवार्य हुनैपर्छ ।

देशका किशोर-किशोरीहरूले आफ्नै अमूल्य जीवनको आहुति दिएका छन् । तर, यसैबीच नेताहरूले आफ्नो पदलाई राष्ट्रभन्दा माथि राख्दा मुलुकले अकल्पनीय मूल्य चुकाउनुपरेको यथार्थ स्पष्ट छ ।

विशेषत: केपी शर्मा ओलीले व्यक्तिगत पदलाई जोगाउने क्रममा राष्ट्र र लोकतन्त्रलाई पन्छ्याएको प्रति नागरिक आक्रोशित छन् । राष्ट्रपति पौडेलले यो सन्देश राम्ररी बुझेको हुनुपर्छ। अब ढिलाइ गर्नुपर्ने बेला छैन ।

देशलाई धमिलो र अन्योलपूर्ण अवस्थाबाट मुक्ति दिलाउन राष्ट्रपतिले एकलव्य रूपमा जुट्न जरुरी छ। संवैधानिक बाटो र लोकतान्त्रिक मूल्यलाई संरक्षण गर्दै कार्कीलाई जिम्मेवारी दिनु र संसद् विघटनसँगै निर्वाचनको सुनिश्चितता गर्नु नै अहिलेको एक मात्र विकल्प हो । अन्योललाई लम्ब्याउने चलखेल गर्ने अवसर यो घडीमा कसैले पाउनु हुँदैन ।

# जेन-जीको बलिदान सदुपयोग गराउने अध्यात्म



**रामचन्द्र शर्मा**

**जेन-जी पुस्ताले प्रस्तुत गरेका पात्र र एजेन्डा गणतन्त्रको दायराभित्रै राखेको देखिन्छ । संविधान संशोधनको समीक्षा र संशोधन अपरिहार्य थियो नै ।**

भ्रष्टाचारविरुद्ध जेन-जी पुस्ताले २३ भदौबाट सुरू गरेको आन्दोलनमा एकैदिन १९ जना होनहार नेपाली युवाको जीवनको बलि लिएको ओली सरकार २ दिनमै ढलेको छ। ठुलो धनजन खर्चिएर ल्याएको गणतन्त्रको मर्म विपरीत व्यक्ति नै संस्था हौं भन्ने व्यक्तिगत अहंकारको जगमा सरकार बनाउने र चलाउने कुराले आन्दोलनको आमन्त्रण गरेको तथ्य सबैलाई अवगत नै छ। सर्वत्र व्याप्त बेथितिले वृद्धमा समेत असन्तुष्टि बढिरहेको र जीवनको लक्ष्य निर्धारण गरेर अघि बढ्नुपर्ने बेलाका जेन-जी पुस्ताको भएको अवसरसमेत सरकारले संकुचित पारिदिएको अवस्थाले तातो रगतका जेन-जीको रगत उमालिदियो। जेन-जीको उम्लेको रगत औपचारिक नेतृत्वको अभाव र सरकारको क्रुर दमनमा धेरै साथी गुमाउँदाको उत्तेजना र मास हिस्टेरिया उत्पन्न हुँदा भड्केको आन्दोलनमा सरकारी संरचना र सम्पत्ति ध्वस्त भएको छ ।

संरचना भोलि खडा गर्न सकिएला युवाले बगाएको रगत र उत्सर्ग गरेको जीवन फर्किंदैन। तर जे उद्देश्यले ती युवाले बलिदानी दिए त्यो उद्देश्य पूरा गरेमा मरे पनि सदा अमर रहनेछन् । त्यो उद्देश्य हो लोकतान्त्रिक गणतन्त्रका मूल्य, मान्यता र मानक निमिट्यान्न पार्ने नेतातन्त्रको पूर्ण विस्थापन र वास्तविक जनतन्त्रको बहाली। आन्दोलनबाट नेतातन्त्रको केन्द्र ढलेको छ शाखा बाँकी छन् । सत्ताको चालु केन्द्र ढलेको आन्दोलनको ज्वारभाटाले सृजना गरेको शून्यता र असुरक्षित अवस्थालाई नेपाली सेनाले होसियारीपूर्वक सम्हाल्दै नयाँ जनतन्त्र बहालीको प्रारूप तयार गर्ने संवादको सहजीकरण गरेको छ। आन्दोलनरत जेन-जी पुस्ताले नेपाली सेनाप्रति विश्वास गरी आफ्ना माग र वार्ता सहजीकरणकर्ताका रूपमा प्रस्तुत गर्दै देशको मुहार फेर्नका लागि आन्दोलन गरेको पुष्ट्याइँ र आफ्नो जिम्मेवारी बहन गरेको छ । जेन-जी पुस्ताले प्रस्तुत गरेका पात्र र एजेन्डा गणतन्त्रको दायराभित्रै राखेको देखिन्छ ।

संविधान संशोधनको समीक्षा र संशोधन अपरिहार्य थियो नै । हिजो आफ्नै पार्टीको दुईतिहाइ नजिकको जनमत र संविधानको मर्ममा प्रहार गरी २-२ पटकसम्म संसद् विघटन गरेका कारण देश संकटमा परेको हो। आज देशलाई संकटबाट मुक्त गर्न संसद् विघटन गर्न वाञ्छनीय छ । यथासम्भव चाँडो निर्वाचनमा जाने गरी अन्तरिम सरकार गठन गरेर अघि बढ्नुमा देश र जनताको हित छ । नेपाली सेनाको सहजीकरणमा सम्माननीय राष्ट्रपति र आन्दोलनरत जेन-जी पुस्ता एवं उनीहरूको तर्फबाट वार्तामा सहभागी पक्षले अध्यात्मलाई मूल आधार बनाएर शान्त र निर्मल चित्तसँग देशको समस्या पहिचान गरेमा त्यही समस्याभित्रबाट समाधान निस्कने छ। गलत मार्गमा चल्नु वा गलत चाल चल्नु विचलन हो ।

अहिले हाम्रो देश विचलनमा छ। किनकि अध्यात्म मान्यता हो, (ऋषिहरूले लामो आत्मानुसन्धान गरेर धेरै कोणबाट विश्लेषण र परीक्षण गरिएको) यो छुटाइएको छ। काल्पनिक र निस्सार दार्शनिक मान्यतामा जनतामा विभाजन, द्वन्द्व र तनाव सिर्जना गर्दै, गरिखाने संस्कार मेट्दै, मौलिक ज्ञानको अवज्ञा हुने परिपाटी स्थापित गरेर व्यक्ति र समाजलाई भ्रष्टीकरणको दिशामा लगिएको छ। नेतृत्वमा आफ्नो अपरिहार्यता र अहं भावको उत्पन्न भयो भने बुझे हुन्छ, तिनको पतन भयो भनेर जननेता स्वर्गीय बिपी कोइरालाले भनेको कुरा। कुशल शासक देशको चिन्तामा, कुटिल राजनीतिज्ञ आगामी चुनावको चिन्तामा हुन्छ भन्ने पूर्वअमेरिकी राष्ट्रपति अब्राहम लिंकनको भनाइ निर्वाचनमा, सहभागी पार्टीका शीर्ष नेताहरूको व्यवहारले देखाएकाले नाति पुस्ता आन्दोलनमा होमिन बाध्य भएको हो ।

जनताले देशको यथार्थ अवस्था थाहा पाउन सक्ने पारदर्शी सञ्चार प्रणाली स्थापित गर्नु छ देशमा । मनी, मसल र झुट्ठा आश्वासन उपयोग गर्न नपाउने कडा कानुन लागू गर्दै स्वच्छ निर्वाचनको प्रत्याभूति गरेर मजबुत बनाउनु छ संघीय लोकतान्त्रिक गणतन्त्र। संसद्देखि सरकारी र सामाजिक संस्थामा समेत स्वस्थ प्रतिस्पर्धाबाट नेतृत्व छनौट गर्ने, जनताका पिरमर्का सुन्ने र सम्बोधन गर्ने स्वच्छ परिपाटी, राम्रालाई हाम्रा बनाउने एवं राम्रोलाई पुरस्कृत गर्ने र नराम्रो गर्ने दण्डित हुने समसामयिक नीति तर्जुमा गर्नु छ। पारदर्शी प्रतिस्पर्धाद्वारा क्षमतावानलाई सरकारी वा निजी क्षेत्रको काम गर्ने अवसर उपलब्ध गराउँदै जनताको कर आवश्यक कुरामा गुणस्तरीयता र मितव्ययिता कायम गरी खर्च गर्ने पारदर्शी पद्धति र संरचना खडा गर्दै जनताप्रति उत्तरदायी भई जनतालाई सुशासनको प्रत्याभूति दिन सक्नुपर्छ । उनीहरूको विश्वास जित्दै जनसहभागिता जुटाएर शून्य उत्पादन उन्मुख देशलाई उत्पादनउन्मुख गराउन सक्ने क्षमताको विकास गर्न भौतिक ज्ञानले मात्र सम्भव छैन आध्यात्मिक ज्ञान जोड्नै पर्दछ। नेपाल वेदव्यास लगायतका ऋषि र बुद्धको जन्मभूमि हो। दरबारमा हुर्के बढेका सिद्धार्थ गौतमले अरूको दु:ख देखेर दु:ख निवारणको लागि जंगलमा तप ध्यान गर्न पुगे। वेदान्त र गीताको गहिरो अध्ययन गरेका सिद्धार्थ गौतमले ध्यानबाट बुद्धत्व प्राप्त गरे। आफू निर्वाणको अवस्थामा पुगेर गहिरो स्थायी शान्ति अनुभूति गरेपछि अरू सारा मानवजातिको कल्याणको लागि शील समाधी र प्रज्ञाको शिक्षा दिए। यही शील समाधी र प्रज्ञा नै अध्यात्म हो। आचार्य सत्यनारायण गोयन्काले वैदिक र बुद्ध कालमा कुनै धार्मिक सम्प्रदाय जन्माइएको थिएन भनेका छन्। पछि समताका लागि भनेर सम्प्रदाय जन्माइएको हो। सम्प्रदाय शब्दको बनावटले पनि समता प्रदान गर्ने भन्ने नै देखाउँछ। वुद्ध शिक्षाको बृहत् साहित्यमा कहिँ पनि बुद्ध धर्म भनेर धर्मको अगाडि लेप लगाइएको छैन । यति मात्र होइन 'धर्म' शब्द प्रयोग नै नगरी शिक्षा (पालि भाषामा धम्म) उल्लेख गरिएको गोयन्काले बताएका छन्। सुरुमा धर्म अमृत राख्ने भाडाका रूपमा जन्मिएका सम्प्रदायमा प्वाल परी धर्म चुहेर सिद्धिई अहिलेका सम्प्रदाय रित्ता भाँडाकुँडा भएका छन् । रित्ता भाँडा आपसमा टकराएर कर्कस आवाज निकालेर अशान्तिको कारक बनेका छन्। मानिस र समाजलाई विभाजन र द्वन्द्वमा धकेलेका छन् । धर्मको ह्रास हुँदै आएको छ । धर्म ह्रास भएकोले हाम्रो देश र सिंगो विश्व अकल्पनीय संकटमा परेको छ। धर्म सबैका लागि हो। सुख शान्तिको जीवन जीउने कला हो धर्म। चित्तको निर्मलता हो धर्म जसले सबैमा एकता गराउँछ ।

धर्म सत्यता निष्कामता हो, जागरुकता, तटस्थता, निष्पक्षता, सजगता, दयालुता, कारुणिकता, विवेकशीलता हो । धर्मको परिष्कृत रूप हो अध्यात्म । गौतम बुद्धले पत्ता लगाएका ४ आर्य सत्यमध्ये पहिलो हो दु:ख । दु:खको कारण हो जीवनका दुई केन्द्र र तीमध्ये एकको छनौट । जन्म नै दु:ख हो किनकि शरीर लिएर जन्म हुन्छ, शरीर प्रकृति हो, प्रकृतिको विविधतामा दु:खको छाया छ। जीवनका दुई केन्द्रमध्ये एउटा हो आम केन्द्र अर्को हो आत्मा। आम केन्द्रका २ शाखा छन् प्रकृति र समाज । प्रकृतिभित्र शरीर र समाजभित्र छ समय र संयोग । आम केन्द्र अहं केन्द्र हो । शरीरको जीव रसायनिक पकृयाबाट उत्पन्न हुने म र मेरो भाव हो अहं । सबै कर्म गर्ने कर्ता अहं नै हो । अहंको घर हो मन । कर्मबाट मनले दु:ख र सुखको अनुभव गर्छ । दु:ख हुँदा दु:खको चिन्ता, सुखमा पनि सुख फुस्किने चिन्तामा रहने मनले जीवनमा तनाव र व्यथा भरेर दु:खमा डुब्छ जीवन । यही दु:खको हरण गर्छ अध्यात्मले । अध्यात्म अहं र आत्माको सम्बन्धको विज्ञान हो । आफूले आफूलाई जान्नु अध्यात्म हो । जान्नु हो होस, ज्ञान, बोध हुनु । किनकि होस, ज्ञान र बोधले शरीर के हो ? शरीर र प्रकृतिबीच तालमेल के छ र कसरी चल्छन् ? जीवन र जगतको अन्तरसम्बन्ध के छ ? जीवनको उद्देश्य के हो, साधन के छ कसरी उपयोग गर्न सकिन्छ ? भन्ने मानव जीवनका मूल प्रश्नहरूको हल निकाल्छ ।

अध्यात्मको सरोकार मनुष्यको दु:ख हरण गर्नुसँग छ। अध्यात्मको आधार सत्य हो, कुनै पारलौकिक सत्ता वा ईश्वरीय शक्ति होइन। संसारले भौतिक चिज दिन सक्छ, आत्मिक चिज दिन सक्दैन । अध्यात्मले आत्मिक चिज दिएर आफूलाई आफैसँग प्रेमको अनुभूति गराउँछ। आफैंलाई प्रेम गर्नेले मात्र प्रेमको महत्व बुझेर अरूलाई समेत प्रेम गर्छ, प्रेमको नजरले हेर्छ । सांसारिक प्रेमको प्रकृतिमा बेइमानी सन्निहित रहेको हुन्छ, आत्मिक प्रेम समर्पणमा आधारित हुन्छ । अध्यात्म सही तरिकाले हेर्नु अवलोकन गर्नु हो । अवलोकन मौलिक ज्ञान आर्जनका लागि गरिन्छ । जीवनलाई सफा, निर्मल, निष्पक्ष र पूर्वाग्रहरहित आँखाले हेर्ने साहस गरे प्राप्त हुन्छ मौलिक ज्ञान। साहस प्रेमबाट पाउँछ। अध्यात्मले अवलोकन गर्ने विषय हो आफ्नै दिनचर्या । मेरो वचन संयमित छ वा झुठ, कटुता, निन्दक र व्यर्थको गफमा आधारित ? मेरा शारीरिक कर्म संयमित छन् वा प्राणी हिंसा, चोरी, व्यभिचार र बेहोस पार्ने नसा सेवनजस्ता गलत क्रियाकलापमा संलग्न छन् ? आफ्नो आजीविकाले अरूको बेहित पो गरेको छ कि ? मन राग, द्वेष र मोहरहित छ वा राग रंजित छ ? हरेक घटनालाई जागरुक र होसियारीपूर्वक साक्षी भावले जस्तो छ त्यस्तै देख्ने क्षमता विकास भएको छ छैन ? अरूप्रति करुणा र मैत्रीको भाव आएको छ कि छैन ? उचनिचको पर्खाल भत्काउँदै मानवीय समाज स्थापना गर्नमा आफूलाई सक्रिय गराइएको छ कि छैन ? भन्ने निरीक्षण गराउन अध्यात्मले बुद्धिलाई बोधको दिशामा ल्याएर मानिसलाई आत्मज्ञानी बनाउँदै आजभन्दा भोलि, भोलिभन्दा पर्सी मानिसको व्यवहार सकारात्मक दिशामा मोडिदिन्छ। सकारात्मक दिशामा मोड्ने यो प्रक्रिया शीलबाट आरम्भ भई समाधी (ध्यान) हुँदै प्रज्ञा (ज्ञान) ले टुंगोमा पुर्याउँछ। दु:ख बन्धन हो । मुक्ति आनन्द हो । बन्धन र मुक्ति कर्महरूबाट नै आउँछ भन्छन् योग वशिष्ठ। विकर्म (बेहोसीमा गरिने कर्म) र सकाम कर्म (कामना राखेर गरिने कर्म)ले सुख-दु:खको बन्धनमा पार्छन् । निष्काम कर्मले आनन्दको मुक्त अवस्थामा राख्छ । निष्काम कर्म आत्मज्ञानको सहउत्पादन हो ।

कर्मको माध्यमबाट कर्तालाई जान्नु आत्मज्ञान हो। कर्म जान्नु भनेको अहंकार गतिविधि र क्रियाकलाप अवलोकन गर्नु हो। प्रकृति, शरीर, संसार जगत र अहं सबै जड हुन्। आत्मा सत्य, चेतन र आनन्द हो। त्यसैले आत्मालाई सच्चिदानन्द पनि भनिन्छ । अहंको गति हो मन । अहं अपूर्ण छ । सूर्यबाट चन्द्रमालाई प्रकाश मिलेझैं आत्माबाट मनलाई प्रकाश मिल्दछ। आत्मातिर मोडिएर पूर्णता प्राप्त गर्नु पर्ने अहं सांसारिक जगतसँग पूर्णताको खोजी गर्दै चन्द्रमाले म नै सूर्य हुँ भनेझैं अहंले म नै आत्मा हुँ भन्ने झूठो दाबी गर्नाले दु:खबाट व्यथित हुन्छ अहं। अहंले दु:ख मुक्त हुने इच्छा गर्छ र सोचविचार गर्दा आफू पनि प्रकृतिजस्तै जड रहेछु भन्ने स्वीकार्छ। प्रकृति जड म पनि जड भनेर अहंले थाहा पाउनासाथ अहंले आत्मातिर यात्रा सुरू गर्छ।

आत्मातिर अहंको यात्रा धर्मको सुरुआत हो । आत्मातिर जति नजिकिँदै जान्छ, उति नै धर्म बढ्दै गई नजिकै पुगेपछि अहं आत्मामा प्रतिष्ठित हुन्छ। बनोटको हिसाबले मानिसको शरीर अन्य प्राणीको जस्तै हो। आत्मा शरीरको मर्म हो। आत्मबोध गर्ने चैतन्य मानिसमा मात्र छ। शरीरको मर्म आत्मा हो भन्ने बुझिएन भने मानिसलाई शरीर र शरीरबीचको सम्बन्ध मात्र थाहा हुन्छ। पशुलेझैं सन्तान जन्माउने कामको शृंखलामा सीमित हुँदै दु:खकष्टमै जीवन समाप्त हुन्छ। जुन उद्देश्य हो मानव जन्मको बाँकी रहँदै जन्ममृत्युको चक्करबाट मुक्ति पाउँदैन। भौतिक उन्नतिको शिखरमा पुगेको अमेरिकाका ६० प्रतिशत सम्भ्रान्त मानसिक रोगको चपेटामा छन् भनिन्छ। सरकारी तथ्यांकबाट करिब ४० प्रतिशत नेपालीमा मानसिक रोग रहेको देखिन्छ। मानिस रोग लाग्नुको कारण अनावश्यक तनाव, द्वन्द्व र प्रेमको अभाव हो। मानसिक रोगको उपचार भौतिक विज्ञानसँग छैन। योग र ध्यानबाट मानसिक रोगको निको हुनुको साथै अल्छी र गफीलाई समेत कर्मशील हुने बोध र ऊर्जा प्रकट गराइदिन्छ । अध्यात्मले कुनै धर्म सम्प्रदायसँग सरोकार र लेनदेन राख्दैन तर सबै सम्प्रदायका मानिसमा असल व्यक्तित्व निर्माण गरिदिन्छ। हरेक व्यक्ति असल भएपछि परिवार, समाज र राष्ट्र स्वत: विकसित हुन्छ र जेन-जी पुस्ताले गरेको आन्दोलनले देशको मुहार बदल्न सफल हुँदै आन्दोलनमा सहादत प्राप्त गरेका वीर सहिद सदा अमर रहनेछन् ।

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

- लाल बिगुल दैनिकः- ९८५८७५१६००/९८०५५९९७५०
- जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- ०९६-४२०१३३/४२०५५५
- जिल्ला अदालत डडेल्धुराः- ०९६-४२०१३०/४२०४८३
- जिल्ला समन्वय समिति डडेल्धुराः- ०९६-४१०१४४
- जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- ०९६-४२०१९९/४२०१७६
- रणबम गण दहब्यारेक डडेल्धुराः- ०९६-४२०२००/४२०५००
- राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः ०९६-४२०१७७
- रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- ९८५१२७२५१३
- डडेल्धुरा अस्पताल डडेल्धुराः- ०९६-४१०२४५/४२०१६५
- शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- ०९६-४२०१३५
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- ०९६-४१०११४
- खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- ०९६-४१०१५०
- स्वास्थ्य कार्यालय डडेल्धुराः- ०९६-४१०११८/४१०२३८
- डिभिजन बन कार्यालय डडेल्धुराः- ०९६-४२०१४५
- जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- ०९६-४२०२३७
- जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- ०९६-४१०१२५
- कृषि ज्ञान केन्द्र डडेल्धुराः- ०९६-४१०११२
- भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- ०९६-४१०११५
- मालपोत कार्यालय डडेल्धुराः- ०९६-४१०१७१
- नापी कार्यालय डडेल्धुराः- ०९६-४१०१६७
- कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- ०९६-४१०१७७
- जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- ०९६-४१०१०६
- घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- ०९६-४१०१६४
- तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- ०९६-४२०१७५
- जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- ०९६-४१०१५४
- जिल्ला हुलाक कार्यालय डडेल्धुराः- ०९६-४२०१४१
- शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- ०९६-४१०१८५
- जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- ०९६-४२०२२१
- डडेल्धुरा कारागार शाखाः- ०९६-४१९२१५
- जिल्ला खेलकुद समिति डडेल्धुराः- ९८४८७२८२६३
- यातायात कार्यालय डडेल्धुराः- ०९६-४२०२४१
- सामाजिक विकास कार्यालय डडेल्धुराः- ९८५८७८३२३२
- अमरगढी नगरपालिका डडेल्धुराः- ०९६-४१०२२२
- परशुराम नगरपालिका डडेल्धुराः- ०९६-४११००४
- अजयमेरू गाउँपालिका डडेल्धुराः- ९८५५७८५५५०
- गन्यापधुरा गाउँपालिका डडेल्धुराः- ९८५८७८८७०७
- आलिताल गाउँपालिका डडेल्धुराः- ९८५८७८१०२०
- भागेश्वर गाउँपालिका डडेल्धुराः- ९८४१९६३८९६
- नवदुर्गा गाउँपालिका डडेल्धुराः- ९८५८७४५४३०
- प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- ०९६-४१००९२
- आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- ०९६-४१०३०८
- खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- ९८५८७७५००४
- पूर्वाधार विकास कार्यालय डडेल्धुराः- ०९६-४१००६१
- राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- ०९६-४२०२१३/४२०२१४
- नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- ०९६-४२०२४५/४२०४७५
- दुरसञ्चार कार्यालय डडेल्धुराः- ०९६-४२०१०८
- साल्ट ट्रेडिङ्ग डडेल्धुराः- ९८४८८०५५८२
- जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- ०९६-४११००८
- इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- ०९६-४११०७२
- डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- ०९६-४२००६३
- बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- ९८५८७५३०५५
- डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- ०९६-४२०३५३
- जिल्ला रेडक्रस ब्लडका लागिः- ९८४७०९०१७४
- एम्बुलेन्स डडेल्धुरा अस्पतालः- ०९६-४१०१६५
- उद्योग विणिज्य संघ डडेल्धुराः- ०९६-४२०६११
- बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- ०९६-४१००१३
- रुडुक डडेल्धुराः- ०९६-४१०४०२
- महिला मुक्ति समाज डडेल्धुराः- ०९६-४२०३८९
- एकीकृत विकास समाज डडेल्धुराः- ०९६-४२०१७९
- हरमस नेपालः- ०९६-४२०१४७
- नेपाली काङ्ग्रेस डडेल्धुराः- ०९६-४२०१६९
- नेकपा एमाले डडेल्धुराः- ०९६-४१०१०५
- नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- ९८५११५१००८
- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ९८४९७११५३८
- नेकपा एकीकृत समाजवादी डडेल्धुराः- ९८५८७५१४३५
- डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- ०९६-४१०१८९
- त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- ९८५८७८६२५८
- भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- ०९६-४२०७५०
- मिहेन्द्र मा.वि. डडेल्धुरा :- ९८४८७६६०३०
- न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- ०९६-४१०११६

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्भिनु होला।**

# सुदुरपश्चिम प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कृषि बिकास निर्देशनालय

Email:- akcdadeldhura@gmail.com

# कृषि ज्ञान केन्द्र

प.स. २०८२/८३ मिति २०८२/०५/२०

च.नं.

डडेल्धुरा

२०७५

## विभिन्न कृषि विकास कार्यक्रम संचालनका लागी आवेदन पेश गर्ने सम्वन्धि सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८२/०५/२०)

कृषि ज्ञान केन्द्र, डडेल्धुराको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकाले ईच्छुक कृषक/कृषि फर्म/कृषक समुह/सहकारी तथा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मिति देखि २१ दिन भित्र २०८२/०६/०९ गते सम्म कार्यालय समय भित्र, सूदुरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन। पहिलो संसोधन नियमावली २०८० को अनुसूची-५ (नियम १४ को उपनियम (३) अनुसार निर्दिष्ट आवेदन फारम भरी तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्र, डडेल्धुरा वा सम्वन्धित स्थानिय तहको कृषि विकास शाखामा निवेदन साथ राजश्व बुझाएको नगदी रसिदको पहिलो प्रति वा बैंक भौचर पेश गर्न हुन संवन्धित सवैका लागी यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रम / क्रियाकलाप | कर्यक्रम संञ्चालन हुने स्थान | नियुनतम मापदण्ड | कार्यक्रमको प्रक्रिया |
|---|---|---|---|---|
| १ | फलफुल नरसरी स्थापना/सुदृढीकरण कार्यक्रम | जिल्ला भरी | नरसरी व्यवसाय दर्ता गरी हिउदे तथा वर्षेफलफुल बिरुवा उत्पादन गरी विक्रि वितरण गरि रहेको फर्म समुह तथा सहकारी हुनु पर्ने छ । साथै कलमी विरुवा उत्पादन गरिरहेकोलाई प्राथमिकता दिइने छ । | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली संसोधन २०८० बमोजिम |
| २ | साना सिचाई निर्माण कार्यक्रम | जिल्ला भरी | व्यवसायिक कृषि खेति गरेको र विगत २ वर्ष यता कार्यक्रममा समावेस नभएको फर्म समुह तथा सहकारी हुनु पर्ने छ । | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली संसोधन २०८० बमोजिम |
| ३ | कृषि अध्ययन गरेका वा विदेशबाट फर्किएका कृषि उद्यम गर्ने युवाहरूको उद्यमशीलता विकास सहयोग | जिल्ला भरी | कृषि विषय पढी बेरोजगार वा कृषि पेशामा संलग्न युवा, विदेशबाट फर्केका कृषि व्यवसाय गर्नु इच्छुक युवाहरू (विदेशबाट फर्केको प्रमाण पेश गर्नु पर्ने छ । | संसोधन २०८० बमोजिम |

### आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :

१. रु १० को टिकट टाँस गरिएको सुदुरपश्चिम प्रदेश कृषि तथा पशुपनछी व्यवसाय प्रवर्धन । पहिलो संसोधन नियमावली २०८० को अनुसूची-५ नियम १४ को उपनियम (३) संग सम्वन्धित अनुसार निर्दिष्ट प्रस्ताव फारम ।
२. समुह/सहकारी/कम्पनीको हकमा निवेदन पेश गर्ने निर्णयको प्रतिलिप ।
३. व्यक्तीका हकमा नेपाली नागरिक्ता प्रमाण पत्रको प्रतिलिपि/कृषि फर्म /सहकारी तथा कम्पनीका हकमा फर्म दर्ता प्रमाण पत्र, PAN दर्ता प्रमाण, करचुक्ता प्रमाण पत्र, नविकरण पमाण पत्र तथा लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ।
४. कृषक/कृषि फर्म/समुह/सहकारी/कम्पनीहरुले कार्यक्रममा सहभागी हुन चाहने कृषकको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी ।
५. अन्य संघिय र स्थानिय निकायबाट अनुदान प्राप्त गरेका र दोहोरो परेका कृषक/फर्म/समुह/सहकारी तथा कम्पनीहरुलाई कार्यक्रममा समावेश गरिने छैन ।
६. गत २ आ.व सम्म कुनै पनि कार्यक्रममा समावेश नभएको कृषक/कृषि फर्म/समुह/सहकारी/कम्पनी लाई प्रथमिकता दिईनेछ ।

नोटः- आवेदन पेश गर्दा अनुदानग्राहीले सूदुरपश्चिम प्रदेश कृषि तथा पशुपनछी व्यवसाय प्रवर्धन (पहिलो संसोधन नियमावली २०८०) को अनुसूची-५ नियम १४ को उपनियम (४) वमोजिम रु १ लाख सम्मको अनुदान माग गरेमा निशुल्क, रु १लाख देखी रु ५ लाख सम्मको अनुदान माग गरेमा रु ३०० र रु ५ लाख भन्दा वढीको अनुदान माग गरेका कार्यक्रमका लागी रु १००० निवेदन दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्ने छ ।

### बैंक सम्वन्धि जानकारी :

**बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक**
**कार्यालय कोडः ३१२०१७५०२७**
**कार्यालयको नाम : कृषि ज्ञान केन्द्र डडेलधुरा ।**
**प्रयोजनः अन्य प्रशासनिक शुल्क**
**राजश्व शिर्षक नः १४२२९**

### थप जानकारीका लागीः

राम सिह बोहराः- ९८५८७७७५९२
लक्ष्मी भट्टः- ९८४८७७१३६६
पुष्प ओझाः- ९८६८३६८०८५

...............................
नरेन्द्र पनेरू
बागवानी विकास निर्देशक


सुचना ! सुचना ! सुचना !

**व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

भागेश्वर गाउँपालिका
वडा नं. ४ को कार्यालय
बगरकोट, डडेल्धुरा

सुचना ! सुचना ! सुचना !

**व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

भागेश्वर गाउँपालिका
वडा नं. ३ को कार्यालय
डडेल्धुरा

# लाल बिगूल राष्ट्रिय दैनिक

जि.प्र.का.ड.द.नं. १४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

२०८२ साल भाद्र २७ शुक्रवार





व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका

वडा नं. ४ को कार्यालय

डडेल्धुरा

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

नवदुर्गा गाउँपालिका

वडा नं. ३ को कार्यालय

डाडाबन डडेल्धुरा


# डडेल्धुराको नवदुर्गा-५ वडा कार्यालयमा अज्ञातद्वारा आगजनी, भवन र सबै सामग्री जलेर नष्ट

**बिगुल समाचार**

**२७ भाद्र २०८२**



डडेल्धुरा । डडेल्धुरा जिल्ला नवदुर्गा गाउँपालिका-५ स्थित धगडबत्तीमा रहेको वडा कार्यालयमा मंगलबार राती अज्ञात समूहले आगजनी गरेको छ ।

नवदुर्गा गाउँपालिका वडा नं. ५ को कार्यालय बन क्षेत्रमा भएको र गाउँलेहरूले पनि नदेख्ने ठाउँमा रहेको हुँदा कुन व्यक्तिले जलायो भन्ने पत्ता लागेको छैन वडा सचिव सिद्धराज अवस्थीले बताए ।

जस्तापाता र काठबाट बनेको कार्यालय भवन पूर्ण रूपमा जलेर नष्ट भएको छ । आगलागीका कारण कार्यालयमा रहेका सबै महत्त्वपूर्ण कागजात, कम्प्युटर, प्रिन्टर लगायतका सामग्री जलेर नष्ट भएका छन् ।

एकान्त जङ्गलमा अवस्थित सो वडा कार्यालयमा कसले र किन आगजनी गरेको हो भन्नेबारे केही जानकारी छैन देशभरी जेन-जी आन्दोलन चलिरहेकै बैला रातीको समयमा आएर अज्ञात समुहले आगो लगाएर वडा भवन जलाएको छ । के कति कारण र किन र कोले जलाएको हो अहिले सम्म एकिन हुन सकेको छैन ।


## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मण्लिेक, डडेल्धुरा**

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिमदत्तपूर, डडेल्धुरा**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

**डिभिजन वन कार्यालय, डडेल्धुरा**



डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा